# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
### कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१ शिक्षा शाखा
चलानी नं.

मितिः२०८०/०५/२४

**विद्यालयमा लेखापरीक्षक नियुक्तिका लागि निवेदन पेश सम्बन्धी सूचना ।**

श्री रजिष्टर्ड लेखापरीक्षक/फर्म

प्रस्तुत विषयमा यस गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आ.व. २०७९/०८० को लेखापरीक्षण गर्नुपर्ने भएकाले दर्तावाला लेखापरीक्षक/फर्मले तपशिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कचनकवल गाँउपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सो सँग सम्बन्धित आवश्यक कागजात सहित रु. १०००।– निवेदन दस्तुर यस कार्यालयको राजस्व शाखामा राजस्व बुझाई राजस्व रसिद सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**आवश्यक कागजातहरुः**

१. निवेदन
२. नेपाल चार्टड एकाउण्टेण्टस् संस्थाबाट प्रदान गरिएको पेशागत प्रमाणपत्रको प्रतिलिपि
३. आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.व.२०७९/०८० को लागि नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
६. आवेदन दस्तुर रु.१०००।– बुझाइएको रसिद ।

**लेखा परीक्षकले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरुः**

१.नियुक्ति पाएको ४५ दिन सम्ममा विद्यालयको लेखापरीक्षण सम्पन्न गरी सो को एक प्रति प्रतिवेदन कार्य सम्पन्न भएको मितिले ७ (सात) दिन भित्र गाँउपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनुपर्नेछ ।
२. निवेदन पेश गर्दा आवश्यक कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
३. माथि उल्लेखित नियमानुसार कार्य सम्पन्न नगर्ने लेखापरीक्षक / फर्मलाई आगामी वर्षमा पुन:विचार गरिनेछ ।
४. समय नाघी आएको निवेदन उपर कुनै कारवाही गरिनेछैन ।
५. लेखापरीक्षकको छनौट लेखापरीक्षक छनौट समितिको निर्णय बमोजिम हुनेछ ।

०८०/०५/२४
...................
केशव मैनाली
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

१.श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा । (सूचना गाउँपालिकाको वेभसाइटमा अपलोड गरिदिनु हुन ।)

नि. प्रमुख प्रशासकीय अधिकृत